नेपाली

Vol.37 | 2023.12

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




नर्सिङ केयरको जापानी भाषा


प्रारम्भिक जापानी भाषा कोर्स

## [नर्सिङ केयरको काममा प्रयोग गरिने जापानी भाषा सिकौं!]

नर्सिङ केयरको कामबारे जान्न चाहने व्यक्ति वा नर्सिङ केयरको काम सुरु गरेको व्यक्तिले ढुक्क भएर काम गर्न सक्ने गरी, "नर्सिङ केयरको जापानी भाषा" र "काममा जापानी नागरिकसँगको कम्यूनिकेसन" बारे सिकाइन्छ।

🕘 2024 जनवरी 16 तारिख, 23 तारिख, 30 तारिख, फेब्रुअरी 6 तारिख, 13 तारिख, 20 तारिख, 27 तारिख (हरेक हप्ता मंगलबार) 6:30 pm~8:30 pm 👛 नि:शुल्क 👤 20 जना

## [प्रारम्भिक जापानी भाषा कोर्स]

यो पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूले जापानी भाषा पढ्ने र लेख्ने तथा दैनिक जीवनका सरल कुराकानीहरू अध्ययन गर्ने कोर्स हो।

- अध्यनन गर्ने कुराहरू
  - दैनिक जीवनयापनमा आवश्यक जापानी भाषा (उदाहरण: रेस्टुरेन्ट, अस्पताल, पोस्ट अफिस, किनमेल, विपद् र आपत्कालीन अवस्थाको बेला प्रयोग गरिने जापानी भाषा)
  - हिरागाना र काताकाना
- दायरामा पर्ने व्यक्तिहरू
  - ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति

🕘 2024 साल जनवरी 15 तारिख, 18 तारिख, 22 तारिख, 25 तारिख, 29 तारिख र फेब्रुअरी 1 तारिख, 5 तारिख, 8 तारिख, 15 तारिख, 19 तारिख
(सार्वजनिक बिदा बाहेक हरेक हप्ताको सोमबार र बिहीबार) 10:00 am~12:00 pm

👛 1,500 येन (क्लास 10 पटक, किताब र अन्य सामग्री खर्च) 👤 15 जना

📍 ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (ओता सहर कामाता 4-16-8 2F)

🖥 ① WEBSITE
नर्सिङ केयरको जापानी भाषा
प्रारम्भिक जापानी भाषा कोर्स

② काउन्टर अन्तर्राष्ट्रिय सहर ओता संघ (ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
③ E-mail mail@ota-goca.or.jp
④ FAX 03-6410-7982

📞 (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982 E-mail mail@ota-goca.or.jp

🕘 ···· कहिले 👛 ···· रकम 👤 ···· कति जना 📄 ···· आवेदन दिने तरिका 📍 ···· कहाँ 🖥 ···· आवेदन दिने ठाउँ 📞 ···· सम्पर्क

## [वर्षको अन्त्य तथा सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरूको सङ्कलनबारे]

डिसेम्बर 31 तारिख~जनवरी 3 तारिख बीचको अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ। नयाँ वर्ष सुरु भएपछि, जनवरी 4 तारिखदेखि सामान्य रूपमा सङ्कलन गरिनेछ। वर्षको अन्त्य तथा सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुने हुनाले, स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरू फाल्नको लागि निकाल्ने समयको सन्दर्भमा, सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा सङ्कलन स्थानमा राख्नुहुन अनुरोध गर्दछौं।

सरसफाइ शाखा
☎ 03-5744-1628
FAX 03-5744-1550
E-mail kan-seso@city.ota.tokyo.jp



©Ota City



## [बालबालिका भत्ताको वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको प्रक्रिया]

डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म काउन्टरमा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। डिसेम्बरमा जन्मिएको बच्चा वा घर सरेको व्यक्तिले घर सरेको मिति (जन्म मिति र अघिल्लो ठेगाना भएको ठाउँबाट सर्ने योजना भएको मिति) को भोलिपल्टदेखि 15 दिन भित्र आवेदन दिनुहोस्। संलग्न गर्नुपर्ने सबै कागजातहरू नभएको अवस्थामा पनि आवेदन लिइने हुनाले म्याद भित्र आवेदन दिनुहोस्।

बाल सेवा सहायता शाखाको बाल चिकित्साको सम्बन्धित कर्मचारीको काउन्टरमा वा विद्युतीय आवेदन अथवा हुलाक मार्फत आवेदन दिनुहोस्। घर सरेको र बच्चा जन्मेको कारण दिइने आवेदनहरू मात्र विशेष उपशाखामा पेस गर्न पनि सकिन्छ। विस्तृत जानकारीको लागि ओता सहरको होमपेज हेर्नुहोस्।

बाल सेवा सहायता शाखा बाल चिकित्सा कर्मचारी
☎ 03-5744-1275
FAX 03-5744-1525

## [माइ-नम्बर कार्डमा म्याद हुन्छ।]

बसोबास अवधि तोकिएका नागरिकहरूको बसोबास अवधि पूरा हुने मितिमा माइ-नम्बर कार्डको म्याद सिद्धिन्छ। बसोबास अवधि नवीकरण गरेपछि, नवीकरण अघिको बसोबास अवधि पूरा हुने मितिसम्ममा माइ-नम्बर कार्डको म्याद लम्ब्याउने प्रक्रिया गर्नुहोस्। प्रक्रिया गरेन भने माइ-नम्बर कार्ड अमान्य हुनेछ। अमान्य भएपछि पुनःमाइ-नम्बर कार्ड बनाउने खण्डमा शुल्क लाग्नेछ।

[प्रक्रिया गर्न सक्ने व्यक्तिहरू]
सम्बन्धित व्यक्ति स्वयम् अथवा उक्त व्यक्तिको परिवारको सदस्य (*परिवारको सदस्यले प्रक्रिया गर्ने खण्डमा, सम्बन्धित व्यक्तिलाई 4 अङ्कको पिनकोड सोधिराख्नुहोस्।)

[लिएर आउने कुराहरू]
माइ-नम्बर कार्ड, रेसिडेन्स कार्ड र पिनकोड
प्रक्रियाको विस्तृत जानकारीको लागि सम्पर्क स्थान वा होमपेजमा गई निश्चय गर्नुहोस्।

① ओता सहर कार्यालय 1F पारिवारिक निवासी दर्ता शाखा काउन्टर नं. 3 खुला
② ओता सहर माइ-नम्बर कार्ड सेन्टर

ओता सहर माइ-नम्बर कल सेन्टर
☎ 0570-03-3370 FAX 050-3737-9318
(सोमबार~शुक्रबार 9:00 am~5:00 pm वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

# [काचु काइस्युको 200 औं वार्षिकोत्सव विशेष प्रदर्शनी　अन्तिम गन्तव्य　~आश्रयस्थल सेनजोकुइके तर्फ~]

हामीले काचु काइस्यु जन्मेको 200 औं वर्षको यो साल विशेष स्मरणात्मक प्रदर्शनी गरिरहेका छौं। यस पटक हामी तपाईंहरूलाई काइस्यु र ओता सहर सेनजोकुइकेको सम्बन्धबारे देखाउनेछौं। काइस्युको लागि सेनजोकुइके विशेष स्थान थियो। पुरानो नोटबुक र रेकर्डहरूबाट यो ठाउँमा बिताएका काइस्युको अवस्था र काइस्युको मृत्यु पछिको उनको परिवारको काइस्यु प्रतिको भावनाहरू महसुस गर्नुहोस्।



2024 साल मार्च 10 तारिख (तारिख) सम्म

■ भवन खुला रहने समय　10:00 am~6:00 pm

*सोमबार भवन बन्द हुनेछ (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)

*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

काचु काइस्यु स्मारक भवन

■ भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

☎ 03-6425-7608　FAX 03-6425-7610

# [विदेशी भाषामा कथा कथन (बेलायत संस्करण)]

कथा र गेमको माध्यमद्वारा रमाइलो गरेर संसारका कुराहरू थाहा पाऔं! अंग्रेजीमा कथा पढेर सुनाउनुका साथै बेलायतको ससंस्कृति र जापान र बेलायतबीचको भिन्नता आदिबारे पनि कुरा गर्न लगाई सबैले रमाइलो समय बिताउनेछन्।

2023 साल डिसेम्बर 24 तारिख (आइतबार)
10:30 am~11:30 am


ओमोरी मिनामी पुस्तकालय　बहुउद्देश्यीय कोठा
(ओता सहर ओमोरी मिनामी 1-17-7 2F)


निःशुल्क

अधिकतम सहभागी संख्या 20 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

फोन, FAX अथवा पुस्तकालय काउन्टरमा आवेदन दिनुहोस्।

ओमोरी मिनामी पुस्तकालय
☎ 03-3744-8411
FAX 03-3744-8421



···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# [बाल अध्ययन सहयोग क्लास]

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। जापानी भाषा नबुझे तापनि, गृहकार्यको समस्या भइरहेको व्यक्तिहरू अवश्य आउनुहोस्। सँग विद्यालयको गृहकार्य गरौं।

● क्लासमा गर्न सक्ने कुराहरू

・गृहकार्य सहायता
・किताबको भाषा र शब्दहरूको अध्ययन
・किताबको सस्वरपठन　आदि

● दायरामा पर्ने व्यक्तिहरू

निम्न दायरामा पर्ने प्राथमिक विद्यालयका 3 ग्रेड~6 ग्रेडका विद्यार्थीहरू:
・ओता सहरमा बसोबास गरिरहेका अथवा ओता सहरको प्राथमिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरू
・जापानी भाषा गाह्रो लाग्ने, जापानी भाषा अध्ययन गरिरहेका व्यक्तिहरू



©Ota City

2024 साल जनवरी 24 तारिख, 31 तारिख, फेब्रुअरी 7 तारिख, 14 तारिख, 21 तारिख, 28 तारिख र मार्च 6 तारिख, 13 तारिख (हरेक हप्ता बुधबार) 3:30 pm~5:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(कामाता 4-16-8　2F)

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　　FAX 03-6410-7982
E-mail　mail@ota-goca.or.jp

2,400 येन (कुल 8 पटक)

10 जना

① WEBSITE

② काउन्टर　अन्तर्राष्ट्रिय सहर ओता संघ
(ओता सहर कामाता 4-16-8　2F　ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))

③ E-mail　mail@ota-goca.or.jp

④ FAX 03-6410-7982

## [माफी र भूलसुधार (भाग 35 (2023 सेप्टेम्बर संस्करण) को बारेमा)]

भाग 35 (2023 सेप्टेम्बर संस्करण) मा लेखिएको "ओता सहरको वेबसाइट र आपत्कालीन प्रतिकार्य पोर्टल साइटको बहुभाषिकीकरणको सूचना" मा उपलब्ध भाषाहरूमा गल्ती भएको थियो। भूलसुधार गरी माफी माग्दछौं। (गलत) 121 भाषाहरू　→　(सही)131 भाषाहरू

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा　☎ 03-5744-1227　FAX 03-5744-1323


हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　FAX 03-5744-1323


▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶